**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६४ माघ १७**

---

## मानवअधिकार उप–उच्चायुक्त क्युङ–ह्वा काङद्वारा नेपालगन्ज भ्रमण

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उप–उच्चायुक्त क्युङ–ह्वा काङले मानवअधिकार उच्चायुक्तको कार्यालयका संसारभरका विभिन्न मुलुकमा रहेका कार्यालयहरूमध्ये सर्वाधिक ठूलो उच्चायुक्तको कार्यालय–नेपालका गतिविधिहरू प्रत्यक्षरूपमा बुझ्ने तथा यस देशमा मानवअधिकार स्थितिको मूल्याङ्कन गर्ने आफ्नो पाँच दिने नेपाल भ्रमणका क्रममा बिहीबार नेपालगन्जको भ्रमण गर्नुभयो।

लैङ्गिक तथा भेदभावसम्बन्धी मुद्दाहरूमा आफ्ना ध्यान केन्द्रित गर्नका लागि मध्यपश्चिमाञ्चल क्षेत्रमा जानुभएकी उप–उच्चायुक्तले यस प्रसङ्गमा नेपालगन्जस्थित नागरिक समाजका सङ्गठन, वकिल तथा नेपाल प्रहरीका प्रतिनिधिहरूसँग छलफल गर्न भेट गर्नुभयो। उहाँले दाइजोसम्बन्धी मुद्दामा परिवारजनहरूद्वारा आक्रमण गरी जलाइएको भनिएकी हास्नुन इद्रिसीको घटनाबारे बुझ्नुभयो।

उच्चायुक्तको कार्यालय–नेपालले महिलाविरुद्धका हिंसाका घटनाहरूको अनुगमन तथा अनुसन्धान र पीडितहरूलाई न्याय दिलाउन वकालत गरिरहेको छ। यसले महिला अधिकारको पालनामा सुधार ल्याउन प्राथमिकताका साथ काम गर्न जारी राख्नेछ।

उप–उच्चायुक्तले दुई सङ्गठनबीचको सहयोगबारे छलफल गर्न राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय कार्यालयको पनि भ्रमण गर्नुभयो र उहाँले अन्मिनका प्रतिनिधिहरूसँग भेट गर्नुहुनेछ।

**जीवनी**

क्युङ–ह्वा काङलाई सन् २००६ सेप्टेम्बरमा मानवअधिकार उप–उच्चायुक्तमा नियुक्त गरियो र उहाँले सन् २००७ जनवरी १५ (२०६३ माघ १ गते) मा पद सम्हाल्नुभयो। उहाँको पद सहायक महासचिवसरह रहेको छ।

संयुक्त राष्ट्रसङ्घमा प्रवेश गर्नुअघि गणतन्त्र कोरियाली नागरिक काङ सो गणतन्त्रको विदेश तथा व्यापार मन्त्रालयको अन्तर्राष्ट्रिय सङ्गठनसम्बन्धी महानिर्देशक हुनुहुन्थ्यो। उहाँले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि गणतन्त्र कोरियाली मिसनमा कूटनीतिज्ञका रूपमा समेत कार्य गर्नुभयो र सन् २००४ मा महिलाको अवस्थासम्बन्धी आयोगको अठचालीसौं अधिवेशन तथा सन् २००५ मा चौथो विश्व महिला सम्मेलनको दसौं वार्षिकोत्सवका रूपमा स्मरण गरिएको सो आयोगको उनन्चासौं अधिवेशनको अध्यक्षता गर्नुभयो।

परराष्ट्र सेवामा सन् १९९८ मा प्रवेश गर्नुअघि काङले गणतन्त्र कोरियाको राष्ट्रिय संसदमा काम गर्नुभयो जहाँ उहाँले मानवअधिकार, महिला विकास तथा संसदीय कूटनीतिक क्षेत्रसम्बन्धी विश्वव्यापी मुद्दाहरूमा गणतन्त्र कोरियाको राष्ट्रिय सभाका सभामुखलाई सहयोग गर्नुभयो। त्यस अवधिमा उहाँले सन् १९९५ को बेइजिङ सम्मेलनमा कोरियाली महिला गैसस समितिको प्रवक्ताका रूपमा पनि कार्य गर्नुभयो। त्यसअघि आफ्नो पेसागत जीवनमा उहाँले कोरियन ब्रोडकास्टिङ सिस्टममा काम गर्नुभयो र कोरिया तथा संयुक्त राज्य अमेरिका दुवै देशका विश्वविद्यालयहरूमा प्राध्यापकका रूपमा काम गर्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org